## चौरजहारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## चौरजहारी, रुकुम (पश्चिम)

## कर्णाली प्रदेश, नेपाल

# प्रगति प्रतिवेदन, २०७६

चौरजहारी नगरपालिका

# विषय सूची


नगरपालिकाको संक्षिप्त परिचय........................................................ ३

आ.व. २०७५/७६ को प्रगति प्रतिवेदन........................................................ ४

१.आयस्रोत........................................................ ४

२. वित्तीय प्रगति........................................................ ४

३. भौतिक प्रगति/प्रमुख उपलब्धिहरु........................................................ ४

४.रचनात्मक कार्यहरु........................................................ ६

५.स्थानिय तहले सृजना गरेका रोजगारीका अवसर........................................................ १३

६.प्रमुख समस्या र सामाधानका प्रयासहरु........................................................ १३

६.१. समस्याहरु........................................................ १३

६.२. समाधानका उपयाहरु........................................................ १४

७. आ .व. २०७६।०७७ को प्रथम र दोस्रो चौमासिक प्रगति विवरण........................................................ १५

७.१. आयस्रोत........................................................ १५

७.२. वित्तीय प्रगति........................................................ १६

७.३. भौतिक प्रगति प्रमुख उपलब्धिहरु........................................................ १६

८. आगामी आ.व. का सोच, उद्देश्य तथा मुख्य योजनाहरु........................................................ १७

८.१. सोच........................................................ १७

८.२. उद्देश्य........................................................ १७

८.३. मुख्य योजनाहरु........................................................ १८

९. आर्थिक वर्ष २०७५/०७६ को आय र व्ययको सारांश........................................................ १९


घोराही नगरपालिका

## नगरपालिकाको संक्षिप्त परिचय

नेपालको कर्णाली प्रदेश अन्तर्गत रुकुमको पश्चिम भागमा अवस्थित रहेको चौरजहारी नगरपालिकाको स्थापना हुनु भन्दा पहिला विजयश्वरी, कोटजहारी, खोलागाउँ, नुवाकोट र पुर्तिमकाडाँ गा.वि.स.को (केही भाग) रुपमा रहेको थियो । स्थानीय तह गठन हुनुभन्दा पहिला स्थानिय निकायको रुपमा विजयश्वरी गा.वि.स. र कोटजहारी गा.वि.स. मिलि चौरजहारी नगरपालिका मिति २०७२।०६।०१ मा स्थापना भएको थियो । संघीयता सहितको संविधानको मर्म अनुरुप मिति २०७३।११।२७ गते नेपाल अधिराज्य भरि ७५३ स्थानीय तहको गठन भई नेपाल राजपत्रमा समेत प्रकाशित भयो । यसै सन्दर्भमा यस चौरजहारी नगरपालिकाको क्षेत्रफल १०७ वर्गकिलोमिटर रहेको छ भने यहाँको जनसख्या २७,४३८ रहेको छ । पहाडी जिल्ला रुकुम (पश्चिम) को सन्दर्भमा यो चौरजहारी नगरपालिका आर्थिक एंव पुर्वधार विकासको दृष्टिकोणले निकै सम्भावना भएको नगरपालिका हो । यहाँको भौगोलिक बनावट र प्राकृतिक श्रोत साधनमा निकै अगाडी रहेको छ । चौरजहारी उर्वर फाँट देखि लिएर ढुंगे खानिहरु र जहारीखोलाको किनारमा रहेको उर्वर जमिन देखि खोलागाउँ मुलजिउला सम्मका कृषि उत्पादनयोग्य फाँटहरु यस नगरपालिकाका गहनाका रुपमा रहेका छन् । यस नगरपालिकामा एउटा एयरपोर्ट रहेको छ । नेपाल सरकारको योजनामा परेको १० वटा नयाँ शहर मध्ये चौरजहारी पनि एक भएको हुदाँ विकास सम्भावना प्रवल छ । साँस्कृतिक, धार्मिक एंव जातिय विविधताले भरिपुर्ण यस नगरपालिकामा धार्मिक सहिष्णुता र सामाजिक सद्भाव नै शान्त र समृद्ध नगर निर्माणको आधार हो । हाल वडा नं. २ मा नगरपालिकाको केन्द्र रहेको छ । भेरी नदीको किनारमा अवस्थित चौरजहारी रुकुम, सल्यान, जाजरकोट र डोल्पाको मुख्य व्यापारिक केन्द्र भनेर चिनिन्छ ।

**“आत्मनिर्भर, एकतावद्ध र समृद्ध नगरको निर्माण :**

**चौरजहारी नगरवासीको पहिचान”** भन्ने मुल नारालाई आत्मसात गर्दै यस चौरजहारी नगरपालिका क्षेत्रको समृद्धी, समुन्नति र विकासको लागि नगरपालिका परिवार अगाडि बढिरहेको छ ।

# आ.व. २०७५/७६ को प्रगति प्रतिवेदन

## १.आयस्रोत

| श्रोत | आम्दानी रु. | खर्च | मौज्दात/फ्रिज | कैफियत |
|---|---|---|---|---|
| वित्तिय समानिकरण | ९,९६,००,०००।- | ९,०६,००,०००।- | ९०,००,०००।- | |
| शसर्त अनुदान | १४,३८,५४,३३३।- | १४,०२,४०,६४८।- | ३६,०३,६८५।- | |
| आन्तरिक आय | ७७,६३,२३३।- | ७७,६३,२३३।- | ०।- | |
| अन्य | ११,९१,७५,५१६।- | १०,८१,७५,५१६।- | १,१०,००,०००।- | |
| **कुल जम्मा** | **३७,०३,९३,०८२।-** | **३४,६४,७९,३९७।-** | **२,३६,०३,६८५।-** | |

## २. वित्तीय प्रगति

| बजेट शिर्षक | बार्षिक बजेट रु. | बार्षिक खर्च रु. | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| चालु | २४,२५,६१,५२०।- | २४,२५,६१,५२०।- | १००% | |
| पुँजिगत | १२,७८,३१,५६२।- | १०,५०,३०,२००।- | ८६.१६ | |
| **कुल** | **३७,०३,९३,०८२।-** | **३४,७५,९१,७२०।-** | **९३.८४** | |

## ३. भौतिक प्रगति/प्रमुख उपलब्धिहरु

| प्रमुख क्रियाकलाप कार्यक्रम | बजेट रु. | इकाई | लक्ष्य | प्रगति | औषत भौतिक प्रगति % |
|---|---|---|---|---|---|
| भवन निर्माण (शिक्षा) | ६०,१५,०००।- | वटा | ३१ भवन | कार्य सम्पन्न | ९७% |
| भवन निर्माण (स्वास्थ्य) | ९,८०,०००।- | वटा | ४ | कार्य सम्पन्न | १००% |
| भवन निर्माण (नगर अस्पताल) | १३,८०,०००।- | वटा | १ | निर्माणाधिन | ७०% |
| भवन निर्माण (लक्षित वर्ग) | २२,००,०००।- | वटा | १ | निर्माणाधिन | ५०% |
| भवन निर्माण (स्वास्थ्य ल्याव) | १९,९०,०००।- | वटा | १ | निर्माणाधिन | ९०% |
| सडक निर्माण तथा मर्मत सम्भार | १,२५,५६,०००।- | कि.मी. | ३० | कार्य सम्पन्न | १००% |

| प्रमुख क्रियाकलाप कार्यक्रम | बजेट रु. | इकाई | लक्ष्य | प्रगति | औषत भौतिक प्रगति % |
|---|---|---|---|---|---|
| पर्यटन (गोरेटो बाटो निर्माण लगायत) | ६,७०,०००।- | वटा | ४ | कार्य सम्पन्न | १००% |
| लिफ्ट खानेपानी | १,२५,७५,०००।- | वटा | ३२ | कार्य सम्पन्न | १००% |
| सिँचाई | २,७५,०००।- | वटा | ११ | कार्य सम्पन्न | १००% |
| कृषि (तरकारी फर्म, फलफुल पकेट क्षेत्र, विरुवा खरिद) | ११,२५,०००।- | वटा | ४ | कार्य सम्पन्न | १००% |
| विद्यत (नहर निर्माण) | १६,००,०००।- | वटा | २ | कार्य सम्पन्न | १००% |
| डम्पीङ्ग साइड निर्माण | ३,००,०००।- | वटा | २ | कार्य सम्पन्न | १००% |
| तटबन्ध निर्माण (जहारीखोला) | ५०,००,०००।- | कि.मी. | १८ | कार्य सम्पन्न | १००% |
| प्रविधीमैत्री शिक्षाको लागि उपकरण खरिद (Laptop, Projector, Tablet) | ४०,००,०००।- | वटा | ३९ | कार्य सम्पन्न | १००% |
| महिला लक्षित कार्यक्रम स्विटर बुनाइ तालिम ( मेसिन खरिद/तालिम) | १५,००,०००।- | वटा | १ | कार्य सम्पन्न | १००% |
| एम्बुलेन्स खरिद | १२,००,०००।- | वटा | १ | कार्य सम्पन्न | १००% |
| मोटर साइकल खरिद | ९,००,०००।- | वटा | ३ | कार्य सम्पन्न | १००% |
| जग्गा खरिद | ४०,००,०००।- | रोपनी | २६ | कार्य सम्पन्न | १००% |
| नगरबस खरिद | ९२,००,०००.००।- | वटा | ३ | कार्य सम्पन्न | १००% |

चौरजहारी नगरपालिका

## ४.रचनात्मक कार्यहरु

**(१) नगरबस सेवा सञ्चालन** : नगरपालिकाको पूर्ण लगानीमा ३ वटा नगर बसहरु सञ्चालन भईरहेका छन् । नगर बस सञ्चालन, व्यवस्थापन, नियमन सम्बन्धमा कानून बनाई सोही अनुरुप नगर बसहरु सञ्चालन गरिएको छ । सम्पूर्ण व्यय नगरबाट हुने र आय पनि नगरपालिकाको सञ्चित कोषमा दाखिला हुने व्यवस्था मिलाईएको छ । सर्वसाधारण जनताको आवतजावतमा यसले महत्वपूर्ण भूमिका खेलेको छ । नगर बस सञ्चालन सम्बन्धमा मूलत: देहायका विषयहरुमा विशेष ध्यान दिन आवश्यक छ :-

(क)नगर बस लगायत एम्बुलेन्स एवम् पालिकाहरुमा खरिद हुने अन्य हलुका तथा हेभि सवारी साधनहरुको सञ्चालनको लागि नगरपालिका अन्तरगत छुट्टै संयन्त्र (सार्वजनिक सवारी तथा यातायात व्यवस्थापन फाँट) निर्माण गर्ने ।

(ख)पालिकाहरुले सार्वजनिक खरिद ऐन र नियमावलीमा भएको व्यवस्था अनुरुप सवारी साधनहरुको नियमित मर्मत संभार गर्न एवम् आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ तुल्याई मितव्ययितता, जवाफदेहीता, पारदर्शिता, औचित्यता र नियमितताको आधारमा वित्तीय अनुशासन कायम गर्न आवश्यक कानूनी व्यवस्था गरी वर्कसप स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने । यस कार्यका लागि सार्वजनिक निजि साझेदारी तथा लगानी सम्बन्धी कानूनको व्यवस्था गरी सोही अनुसार स्थापना, सञ्चालन र व्यवस्थापनको कार्य गर्ने । नगरपालिकाले मर्मतसंभार दररेट निर्धारण गरी सोही अनुरुप मर्मत संभार हुने व्यवस्था मिलाउने । इन्धनको व्यवस्था समेत सोहीबाट हुने प्रवन्ध गर्ने र नियमित रुपमा सार्वजनिक यातायात सुचारु हुने व्यवस्था मिलाउने ।

**(२) एम्बुलेन्स सेवा सञ्चालन** : नगरपालिकाले २ वटा एम्बुलेन्स २४ शैं घण्टा सञ्चालन हुने व्यवस्था मिलाएको छ । यसबाट अत्यावश्यक सेवाको रुपमा एम्बुलेन्स सेवालाई सञ्चालन गरी स्वास्थ्य सेवालाई भरपर्दो र प्रभावकारी बनाउन खोजिएको छ ।

**(३) आधारभूत तथा माध्यमिक शिक्षा**

(क)गुणस्तरिय, जीवनोपयोगी, प्रविधिमैत्री र व्यवहारिक शिक्षाको सुनिश्चितताको लागि संविधानत् स्थानीय तहलाई प्राप्त शिक्षा सम्बन्धि अधिकारको गतिशिल र प्रभावकारी तरिकाले कार्यान्वयन गर्न कानूनी व्यवस्थाहरु गरिएको ।

(ख) नियमित अनुगमन मूल्याङ्कन र पृष्ठपोषणमा जोड दिईएको छ । सबै सामुदायिक विद्यालयहरुलाई प्रविधिमैत्री बनाउन प्रत्येक विद्यालयहरुमा ल्यापटप, कम्प्युटर, प्रोजेक्टर, इन्टरनेट सेवा जडान गरिएको छ । संघ तथा प्रदेश सरकारसँगको समन्वय र पहलमा हिमालय माध्यमिक विद्यालय खोलागाउँ र शीतल माध्यमिक विद्यालय चौरजहारीलाई नमूना विद्यालयको रुपमा घोषणा गरी सोही अनुसारको संरचना निर्माणमा तीव्रता दिईएको छ । अन्य विद्यालयहरुलाई समेत नमूना बनाउन भौतिक संरचना सुधारमा ध्यान दिईएको छ ।

(ग) सामुदायिक विद्यालयमा बालबालिकाको आकर्षण बढाउन, निशुल्क र अनिवार्य आधारभूत शिक्षा सम्बन्धी मौलिक हकको कार्यान्वयन गर्न र **"टिकाऔं, विकाऔं र सिकाऔं"** भन्ने राष्ट्रिय नारा अनुसार बालबालिकाहरुको भर्ना दर र विद्यालयमा टिकाउ दर बढाई शैक्षिक गुणस्तर सुधार गर्न सामुदायिक विद्यालयका कक्षा १ देखि ५ सम्मका वालवालिकालाई पोषाक, न्यानो कपडा तथा स्टेशनरी सामग्री खरिद गरी वितरण गर्ने अभियान सञ्चालन गरिएको छ ।

(घ) नगरपालिकाको आफ्नै स्रोतबाट विद्यार्थी सङ्ख्याको आधारमा करार स्वयमसेवक शिक्षकहरुको व्यवस्था गरी पठनपाठनको कार्यलाई सहज तुल्याईएको छ । शैक्षिक क्यालेन्डर निर्माण गरी सोही अनुरुप शैक्षिक क्रियाकलाप सञ्चालन गरिएको छ ।

(ङ) शिक्षा क्षेत्रमा देखा परेका मूलभूत समस्याहरु (प्रधानाध्यापक, शिक्षक, कर्मचारीहरुले विद्यालयहरुलाई केवल तलव प्राप्त हुने माध्यमको रुपमा उपयोग गरिरहेका, सामुदायिक विद्यालयहरुको अवस्था खस्किनुमा सम्बन्धित विद्यालयका प्रधानाध्यापक, शिक्षक, कर्मचारीहरु, नियमनकारी निकाय एवम् स्वयम् अभिभावकको चेतनाको स्तर मुख्य जिम्मेवार रहेको) को विरुद्धमा लड्न विभिन्न उपायहरुको खोजि गरिएको ।

(च) शैक्षिक पुनर्जागरण अभियान सञ्चालन (अभिभावक शिक्षा सञ्चालन, नियमित अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण गर्ने, कामचोर प्रवृत्तिको अन्त्य, विद्यालयमा पूरा समय पठापाठन नगर्ने शिक्षकहरुलाई कारवाहीको दायरामा ल्याउने, प्रधानाध्यापकहरुसँग कार्य सम्पादन करार सम्झौता गरी सोही अनुसार वस्तुगत मूल्याङ्कन गर्ने र सम्झौता अनुरुप काम नगर्नेहरुलाई दण्डित गर्ने, **कि गर कि मर**को सिद्धान्त अवलम्बन गर्ने, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, वडा कार्यालयहरुलाई बढि क्रियाशिल बनाउने) ।

(छ) मदिराजन्य पदार्थ सेवन गर्ने, पदीय दायित्व पूरा नगर्ने, पदीय मर्यादा र आचारसंहिताको परिपालना नगर्ने शिक्षक कर्मचारीहरुलाई कारवाही, अनुपस्थित दिनको तलब कट्टी हुने

व्यवस्था मिलाउने, व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्ने, सामुदायिक विद्यालय एवम् सार्वजनिक स्थलको १०० मिटर वरीपरी सूर्तिजन्य पदार्थको सेवन, विक्रिवितरण गर्न नपाउने र ५०० मिटर वरीपरी मदिराज्य पदार्थ सेवन विक्रिवितरण उत्पादन गर्न नपाउने व्यवस्था लागू गर्ने ।

(ज) शिक्षक कर्मचारीहरुले अनिवार्य रुपमा पोशाक लगाउने, विद्यार्थीहरु समेत तोकिएको पोशाकमा झोलासहित उपस्थित हुने व्यवस्था मिलाउने ।

(झ) विद्यालयहरुको भौतिक संरचना (घेरावार/शौचालय/कक्षाकोठा/खेलमैदान/खानेपानी धारा) सुधार गर्ने । भएका भौतिक संरचनाहरुको पूर्ण उपयोग गर्ने ।

(ञ) WASH Plan पूर्ण कार्यान्वयन गर्ने । अव उप्रान्त आवश्यकता पहिचान नगरी कक्षा थप/नयाँ विद्यालय खोल्ने अनुमति नदिने । संस्थागत विद्यालयहरुलाई कक्षा थप वा नयाँ विद्यालय खोल्न अनुमति नदिने । गैरकानूनी ढङ्गले सञ्चालन भएका विद्यालयहरु खारेज गर्ने ।

(ट) नि:शुल्क र अनिवार्य आधारभूत माध्यमिक शिक्षाको पूर्ण कार्यान्वयन गर्ने । माध्यमिक तहसम्म विद्यालयमा बाहेक अन्यत्र सञ्चालन हुने ट्युशन/कोचिङ कक्षा सञ्चालन नहुने व्यवस्था मिलाउने ।

(ठ) दोहोरो चरित्र देखाउने राजनीतिक आडमा काम नगरी तलब बुझ्ने शिक्षक कर्मचारीहरुलाई कारवाही गर्ने ।

**(४) आधारभूत स्वास्थ्य तथा सरसफाई**

(क) १५ शैयाको नगर अस्पताल सञ्चालनको लागि आवश्यक पूर्वाधार निर्माण भईसकेको एवम् नेपाल सरकारबाट समेत प्रत्येक पालिकामा रहेका एक/एक वटा स्वास्थ्य संस्थाहरुलाई स्तरोन्नति गरी अस्पतालमा रुपान्तरण गरेको अवस्था छ ।

(ख) एक वडा एक आधारभूत स्वास्थ्य सेवा केन्द्रको स्थापनाको लागि तोकिएको मापदण्ड अनुरुप संरचना निर्माणको कामले गति लिएको छ भने मापदण्ड अनुसार जनशक्ति, औषधि, उपकरण लगायतको व्यवस्था समेत गरी सकिएको छ ।

(ग) भौतिक संरचनामा सुधार गर्ने र जनशक्तिको प्रभावकारी ढङ्गले परिचालन गर्ने चुनौती छ । सरकारी जागिर खाएर स्वास्थ्य संस्थामा हाजिर लगाउने र आफ्नो निजि क्लिनिकमा काम गर्ने अवस्था देखिएको छ । राज्यको तलबसुविधा खाएर आफ्नो व्यक्तिगत व्यवसाय गर्ने कर्मचारीहरुलाई कारवाहीको दायरामा ल्याउनु पर्ने देखिएको छ । **निजामति सेवा ऐन, २०४९ को दफा ४८ मा निजामति कर्मचारीले कम्पनीको स्थापना र सञ्चालन तथा व्यापार**

**व्यवसाय गर्न नहुने व्यवस्था छ । जसको उपनियम (१) मा निजामती कर्मचारीले नेपाल सरकारको पूर्व स्वीकृति नलिई कुनै बैंक वा कम्पनीको स्थापना, रजिष्ट्रेशन वा सञ्चालनको काममा भाग लिन, प्रचलित कानून बमोजिम दर्ता गराउनुपर्ने कुनै व्यापार वा व्यवसाय गर्न, अन्यत्र कुनै प्रकारको नोकरी स्वीकार गर्न नहुने व्यवस्था छ । नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ५९ मा कम्पनीको स्थापना र सञ्चालन, व्यापार व्यवसाय तथा निजी प्राक्टिस गर्न नहुने उल्लेख छ । जसको उपनियम (१) मा कर्मचारीले नेपाल सरकारको पूर्व स्वीकृत नलिई कुनै बैंक वा कम्पनीको स्थापना, रजिष्ट्रेशन वा सञ्चालनको काममा भाग लिन वा स्वास्थ्य क्लिनिक वा निजी अस्पताल वा नर्सिङ होम खोल्न, सञ्चालन गर्न वा त्यस्तो स्वास्थ्य क्लिनिक वा निजी अस्पतालमा काम गर्न, प्रचलित कानून बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न, अन्यत्र कुनै प्रकारको नोकरी स्वीकार गर्न नहुने व्यवस्था छ** । कानूनी व्यवस्थाको पूर्ण कार्यान्वयन गरी सबै कर्मचारीहरुलाई पदीय आचरणभित्र ल्याउन आवश्यक छ ।

(घ) स्वास्थ्य संस्थाहरुको सुदृढिकरण गरी गुणस्तरिय र अधारभूत स्वास्थ्य सेवामा आम नागरिकको सरल र सहज पहुँच स्थापित गर्न विशेष पहलकदमी चाल्न जरुरी छ ।

**(५) उत्पादन र रोजगारी**

(क) सहस्राब्दी विकास लक्ष्यहरू, सुखी नेपाली समृद्ध नेपालको सपना साकार पार्न उत्पादन र रोजगारीमा जोड दिने । यसको लागि कृषि र पशुपालन व्यवसायलाई विविधिकरण, व्यवसायिकरण, यान्त्रिकरण र आधूनिकीकरण गर्ने ।

(ख) व्यवसायिक कृषिपालन तथा पशुपालनमा विशेष जोड दिईएको छ । कृषि सहकारी संस्थाहरुको सुदृढिकरण गरी कृषि सम्बन्धि कार्यहरु समूह तथा सहकारीहरु मार्फत सञ्चालन गर्ने नीति अख्तियार गरिएको छ । दूग्ध डेरीको स्थापना गरी गाउँगाउँबाट दूध सङ्कलन गर्ने व्यवस्था मिलाईएको छ । कृषिमा आधारित उद्योगहरु स्थापनाको लागि बजेट विनियोजन गरी आवश्यक प्रक्रिया अगाडी बढाईएको छ । नगरपालिकामा आधूनिक नर्सरी स्थापनाको लागि बजेट व्यवस्था गरी आवश्यक प्रक्रिया अगाडी बढाईएको छ ।

(ग) कृषि तथा पशुपालनमा आधारित उद्योग स्थापना गर्ने । सार्वजनिक निजि साझेदारी मोडेल अनुसार उद्योगहरुको स्थापना गरी साझेदारी मोडेल अनुसार अगाडी बढाउने ।

(घ) स्थानीय स्रोत, साधन, सीप र कच्चा पदार्थमा आधारित उद्योगहरु (काष्ठ उद्योग, जुस उद्योग, मसला उद्योग, व्यवसायिक पशुपालन, नर्सरी उत्पादन) मा विशेष जोड दिने ।

चौरजहारी नगरपालिका

(ङ) श्रम रोजगार बैंकको स्थापना गरी विकास निर्माण तथा उत्पादनका क्षेत्रहरुमा परिचालन गर्ने ।

## (६) सामाजिक सांस्कृतिक रुपान्तरण, विकृति र विसङ्गति विरुद्ध प्रहार

(क) **मदिराले** समाजमा विकृति र विसङ्गति जन्माएको छ । सबै किसिमका हिंसा (घरेलु, यौनजन्य, लैङ्गिक हिंसा तथा दुर्व्यवहार), मतिभ्रष्टता, झैझगडा सामाजिक विग्रह यसैको कारणले भएका छन् । मदिरा ऐन, २०३१ र मदिरा नियम, २०३३ एवम् मदिरा नियन्त्रण निर्देशिका, २०६५ जस्ता कानूनी व्यवस्थाहरुको धज्जी उडाईएको छ । समाजमा सर्वसाधारण जनताको कुरा त बेग्लै हो शिक्षक, कर्मचारी, जनप्रतिनिधि र प्रहरी समेतले मदिरा सेवन गरी लोक हँसाएका छन् । रक्सीकै कारण मानिसहरु अर्धपागल भएर चोकचोक गल्ली गल्लीमा बर्बराउँदै मानवीय मूल्य, मान्यता र प्रतिष्ठा गुमाईरहेका छन् ।

(ख) समाज अनुशासनहीनताको अवस्थामा पुगेको छ । कानून कार्यान्वयन गर्ने निकायहरु केवल मुखदर्शक बनेर रमाईरहेका छन् । उनीहरुका निर्देशनहरु कार्यान्वयन गर्न होइन औपचारिकता निर्वाहको लागि मात्र सिमित छन् । विद्यालयको हातामै, सरकारी कार्यालय, प्रहरी चौकीको गेटमै मदिराको विक्रि, वितरण र सेवन भईरहेको छ । मदिराकै कारण मानिसहरु कङ्गाल बन्न बाध्य छन् । सार्वजनिक कार्यक्रममा जान सकिदैन जड्याहाहरुको बिगबिगी छ । अपराध, हिंसा, भय, डर र त्रासको सरल माध्यम मदिरा बनेको छ ।

(ग) मदिरा ऐन, २०३१ र मदिरा नियम, २०३३ लगायतका मदिरा नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी कानूनहरुको पूर्ण कार्यान्वयन गर्ने जसबाट ६० प्रतिशत मदिरा नियन्त्रण र व्यवस्थापन गर्न सकिन्छ ।

(घ) सार्वजनिक स्थलको ५०० मिटर वरीपरी मदिराजन्य पदार्थ विक्रि वितरण गर्न नपाउने व्यवस्थाको अक्षरस पालना गर्ने तथा गराउने ।

(ङ) सार्वजनिक पदधारण गरेका व्यक्तिहरुले मदिराजन्य पदार्थको सेवन गरेको पाईएमा ठाउँको ठाउँ (On the Spot) कारवाही गर्ने ।

(च) मदिराजन्य पदार्थको उत्पादन, विक्रि, वितरण र सेवन गर्ने स्थलहरु तोक्ने । ती स्थलहरुमा सुरक्षाकर्मीहरु परिचालन गर्ने । सुरक्षाकर्मीको निगरानीमा मात्र मदिराको कारोवार हुने व्यवस्था मिलाउने ।

(छ) मदिराजन्य पदार्थको विक्रि वितरण र सेवनको समय निर्धारण गर्ने । उमेर समूह तोक्ने ।

(ज) मदिरा सेवन गर्ने व्यक्तिहरुलाई पालिकाहरुले जड्याह कार्डको व्यवस्था मिलाउने ।

(झ) पालिकाहरुको सिफारिसविना मदिराको कारोवार गर्ने लाईसेन्स प्राप्त नहुने/नवीकरण नहुने व्यवस्था मिलाउने । लाईसेन्सविना मदिरा विक्रि वितरण गरेमा वा लाईसेन्स नभएको व्यक्तिहरुसँग मदिराको कारोवार गरेमा वा जडयाहा कार्ड नभएका व्यक्तिहरुलाई मदिरा विक्रि वितरण गरेमा वा नगरपालिकाले तोकेको स्थान बाहेकबाट मदिराजन्य पदार्थको कारोवार गरेमा हदैसम्मको कारवाही हुने व्यवस्था मिलाउने ।

(ञ) मदिरा सेवन गरी सार्वजनिक स्थलमा आउने, सार्वजनिक शान्ति, सुव्यवस्था र अमनचयनमा खलल पुर्‍याउने वा सार्वजनिक स्थलको ५०० मिटरको आसपासमा नगरपालिकाले तोकेको स्थान बाहेक अन्यत्र मदिरा विक्रि वितरण गर्नेहरुलाई सार्वजनिक स्वास्थ्य, उपभोक्ता अधिकार र हित विरुद्धको कसूरमा हदैसम्म सजाय हुने व्यवस्था मिलाउने । सार्वजनिक स्थलको १०० मिटर वरीपरीको क्षेत्रमा सूर्तिजन्य पदार्थ उत्पादन, विक्रिवितरण र सेवनमा प्रतिवन्ध लगाउने ।

(ट) नेपाल प्रहरीका अतिरिक्त उल्लेखित कार्यहरु गर्न नेपालको संविधान र स्थानीय तह सञ्चालन ऐन अनुसार नगर प्रहरीको गठन गरी परिचालन गर्ने । समतामूलक र न्यायपूर्ण समाज निर्माण गर्ने ।

**(७) सडक, पूल लगायतका पूर्वाधारहरुको निर्माण**

नगरपालिकाका सबै वडाहरु सडक सञ्जालमा जोडिएका छन् । बाह्रै महिना सडक सञ्चालन गर्न संभाव्य स्थानहरुमा पक्की पुलहरु निर्माण भईरहेका छन् । संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा सडकहरुको स्तरोन्नति गर्ने, कालोपत्रे गर्ने लगायतका कार्यहरु भईरहेका छन् । सबै वडाहरुमा राष्ट्रिय प्रसारण लाईनको लागि पोल तथा तारहरु विस्तार गरी विजुली बाल्ने प्रक्रिया तीब्र गतिमा अगाडी बढेको छ । लिफ्ट सिँचाई/लिफ्ट खानेपानी आयोजनाहरु द्रुत गतिमा सम्पन्न भएका छन् ।

**(८) खानेपानी योजनाहरुको निर्माण :** १४ वटा लिफ्ट खानेपानी र अन्य स-साना ३६ वटा खानेपानी योजना निर्माण गरी सञ्चालनमा ल्याईएको ।

**(९) आयोजनाहरुको दिगोपना कायम गर्ने**

(क) आयोजनाहरुको गुणस्तर, परिमाण, लागत र समय सुनिश्चित गर्न जिल्ला समन्वय समिति जिल्ला प्रासन कार्यालय नगरपालिका तथा अन्य सरोकारवाला निकायहरु सहितको संयुक्त अनुगमन, नियमन, मूल्याङ्कन र पृष्ठपोषणलाई निरन्तरता दिईएको छ ।

(ख) निर्माण व्यवसायीहरुलाई गुणस्तरहीन कार्य गरेमा वा गुणस्तर, परिमाण, लागत र समयसँग

तादाम्यता नमिलाई कार्य गरेमा वा समयमै काम सुरु नगरेमा वा तोकिएको अवधिभित्र कार्य सम्पन्न नगरेमा कानून बमोजिमको यथाशीघ्र कारवाही हुने व्यवस्था मिलाउने ।

(ग) आयोजनाहरुको गुणस्तरियता र दिगोपनाको अवस्था गम्भीर छ । उपभोक्ता समितिहरु र निर्माण व्यवसायिहरुबाट निर्माण गरिएका आयोजनाहरुमा गुणस्तरियता खस्किएको छ ।

(घ) **"घुस लिने र दिने देशका शत्रु हुन् । समृद्धि र विकासका वाधक हुन् । सदाचार र नैतिकताका कलङ्क हुन्"** भन्ने आदर्श वाक्यको अनुसरण गर्ने ।

(ङ) वित्तीय अनुशासनहीनताको अवस्था/आन्तरिक नियन्त्रण प्रणाली सुदृढ नभएको/कर्मचारीहरुमा व्यवसायिक दक्षताको अभावजस्ता संस्थागत विकास र सुशासनसँग सम्बन्धित चुनौतीहरु रहेका छन् ।

(च) तटस्थता, पारदर्शिता, प्रतिवद्धता र जवाफदेहीताको अवस्थामा सुधार गर्नुपर्ने देखिएको छ ।

(छ) व्यक्तिगत स्वार्थ र स्वार्थहरुविचको द्वन्द्वलाई निमिटयान्न पार्न विशेष पहलकदमी आवश्यक छ ।

(ज) राजनीति र प्रशासनको क्षेत्राधिकार अनुसार राजनीतिले नीति, कानून, नियमहरु बनाउने सोको अनुगमन र मूल्याङ्कन गर्ने गलत गर्नेलाई दण्डित र राम्रो कार्य गर्नेलाई पुरुस्कृत गर्ने, पृष्ठपोषण गर्ने व्यवस्था मिलाउने र प्रशासनले राजनीतिले बनाएका नीति, कानून नियमहरुको आशय अनुसार कार्यान्वयन गर्ने, निष्पक्ष रुपमा परामर्श र सुझाव दिने र सरकारको सहयोगीको रुपमा काम गर्ने ।

(झ) सबै पालिकाहरुको केन्द्रमा सुरक्षा व्यवस्था मिलाउने । नियमित रुपमा सुरक्षाकर्मी खटिने व्यवस्था हुनुपर्ने । संघ, प्रदेश र स्थानीय तहका निकायहरुबीचमा उचित समन्वय, सहकार्य र तालमेलको अवस्था सिर्जना गर्ने ।

## ५.स्थानिय तहले सृजना गरेका रोजगारीका अवसर

| रोजगारीका क्षेत्र | सङ्ख्या (जना) |
|---|---|
| सेवा क्षेत्र (शिक्षा, स्वास्थ्य तथा प्रशासन) | २५० |
| सडक मर्मत समुह | १२ |
| प्रधानमन्त्री रोजगार योजना | १७० |
| अन्य (विभिन्न निर्माण कार्यहरु, श्रम सहकारी, सहकारी लगायतको माध्यमबाट) | १०० |
| कूल जम्मा | ५३२ |

## ६.प्रमुख समस्या र सामाधानका प्रयासहरु

### ६.१. समस्याहरु

(क)करिब ३ वर्षको अवधि जनशक्ति (संगठन संरचना र दरवन्दी विवरण अनुसार पदपूर्ति नभएको) को अभावमा वित्यो । दक्ष र अनुभवि जनशक्तिको अभावमा आयोजनाहरुको गुणस्तरियता कायम गर्न कठिनाई, कार्यालय प्रमुखले नै कार्यालय सहायकदेखि विषयगत कार्यालय प्रमुख र कार्यालय प्रमुखले गर्नुपर्ने लगायतका सम्पूर्ण कार्यहरु गर्नुपर्ने अवस्था सिर्जना भए ।

(ख)संविधानसँग बाझिएका साविक कानूनहरु संशोधन नहुँदा स्थानीय तहको एकल अधिकार सूचीभित्रका अधिकारहरु कार्यान्वयनमा कठिनाई रहेको,

-उच्च अदालत तथा सर्वोच्च अदालतसम्म मुद्दा दायर भएका

-अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा राजनीतिक पूर्वाग्रही भएर स-साना विषयहरुमा समेत उजुरी दर्ता हुँदा कार्यालयको जनशक्ति जवाफ तथा प्रतिक्रिया लेख्नमै व्यस्त रहनुपर्ने अवस्था

(ग) सिमित बजेट तथा स्रोत साधनबाट असिमित माग र आवश्यकता पूर्ति गर्नुपर्ने बाध्यात्मक परिस्थिति,

(घ) प्रदेश सरकारबाट कार्यान्वयन हुने आयोजनाहरु समेत आर्थिक वर्षको अन्त्यतिर नगरपालिकाबाट सम्पादन हुने गरी तोकिदा समयमै आयोजना सम्पन्न गर्न कठिन रहेको,

(ङ) सूचना सञ्चारको भरपर्दो व्यवस्था नभएको, बाह्रै महिना सवारी साधन चल्ने गरी सडक सञ्जाल नभएको,

चौरजहारी नगरपालिका

(च) संघीय सरकार एवम् प्रदेश सरकारबाट राजश्व बाँडफाँड वापतको विनियोजित बजेट प्राप्त नहुँदा एवम् आन्तरिक राजश्व समेत लक्ष्य अनुसार सङ्कलन नहुँदा नगरपालिकाको कारोवार ऋणात्मक हुन सक्ने अवस्था सिर्जना भएको ।

## ६.२. समाधानका उपयाहरु

(क) संगठन संरचना र दरवन्दी अनुसार स्थायी पदपूर्ति हुन नसकेको एवम् भएका कर्मचारीहरु समेत सरुवा तथा समायोजन भई अन्यत्र जाने क्रम बढेको सन्दर्भमा नगर कार्यपालिकाबाट करारमा कर्मचारी भर्ना सम्बन्धी कार्यविधि स्वीकृत गरी सोही कार्यविधि अनुसार करारमा कर्मचारी भर्ना गरी सार्वजनिक सेवा प्रवाहलाई निरन्तरता दिईएको छ ।

(ख) उपलब्ध बजेट तथा स्रोत साधनको अधिकतम र समुचित प्रयोग गरी शिक्षा, स्वास्थ्य, उत्पादन, पूर्वाधार निर्माणजस्ता प्राथमिकता प्राप्त विषयगत क्षेत्रमा सन्तुलित ढङ्गले बजेट विनियोजन गरी खर्च गरिएको छ ।

(ग) संविधानको अनुसूची ८ बमोजिम स्थानीय तहलाई प्राप्त अधिकारहरुको सार्थक प्रयोग गर्न आवश्यक कानूनहरुको निर्माण गरी कार्यान्वयन गरिएको छ ।

(घ) करारमा भर्ना गरिएका कर्मचारीहरुको व्यवसायिक क्षमता र सीप अभिवृद्धि गरी सार्वजनिक सेवाप्रवाहमा गुणस्तरियता कायम गरी चुस्त दुरुस्त रुपमा सेवा प्रवाह गर्न क्षमता अभिवृद्धि तालिम, मासिक स्टाफ मिटिङ र आवश्यक अन्तरक्रिया र समन्वय गर्ने गरिएको छ ।

(ङ) नगरपालिकाको आफ्नै पहलमा इन्टरनेट सेवा जडान गरी विद्युतीय शासनको अभ्यासलाई तीव्रता दिईएको छ ।

(च) नगरपालिकाभित्रका सडकहरुको स्तरोन्नति गरी आवतजावतमा सहजता ल्याउन प्रयत्न गरिएको छ ।

(छ) लागूपदार्थ एवम् मदिराजन्य पदार्थको सेवनबाट समाजमा घट्न सक्ने हिंसा विकृति र विसङ्गतिहरुको अन्त्य गर्न नगरपालिकालाई मदिरामुक्त नगरपालिका घोषणा गर्न प्रयत्न गर्न गरिएको छ ।

(ज) खरिद एवम् लेखा प्रणालीलाई व्यवस्थित र प्रभावकारी तुल्याउन विद्युतीय खरिद प्रणाली र SuTRA सफ्टवेयरको प्रयोग गरिएको छ । साथै आन्तरिक राजश्व, दर्ता चलानी, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनलाई सफ्टवेयर मार्फत व्यवस्थित गरिएको छ ।

(झ) नगरपालिका तथा वडा कार्यालयको प्रशासकीय भवन निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माणको कार्यलाई विशेष ध्यान दिईएको छ भने प्रशासकीय भवन निर्माणको लागि आवश्यक जग्गा प्राप्ति तथा खरिदको कार्यलाई समेत तीव्रता दिईएको छ ।

# ७. आ .व. २०७६।०७७ को प्रथम र दोस्रो चौमासिक प्रगति विवरण

## ७.१. आयस्रोत

| श्रोत | वार्षिक बजेट रु | हालसम्मको आम्दानी रु | हालसम्मको खर्च रु | मौज्दात/ फ्रिज | कैफियत |
|---|---|---|---|---|---|
| नेपाल सरकार वित्तिय समानिकरण | १०४,६००,०००.०० | ६९,७३४,०००.०० | ५१,५५८,४५७.९० | ५३,०४१,५४२.१० | |
| कर्णाली प्रदेश वित्तिय समानिकरण | १०,३३६,०००.०० | १०,३३६,०००.०० | ६५३,८३०.०० | ९,६८२,१७०.०० | |
| नेपाल सरकार राजस्व बाँडफाँड | ८०,३००,०००.०० | ३४,७०४,२३२.०० | १९,३१६,६६३.०० | ६०,९८३,३३७.०० | |
| कर्णाली प्रदेश राजस्व बाँडफाँड | ६८६,०००.०० | १२३,७६०.०० | १२३,७६०.०० | ५६२,२४०.०० | |
| नेपाल सरकार शसर्त अनुदान | १५५,६२६,०००.०० | १०९,२८८,०००.०० | ८५,६९८,५४८.०० | ६९,९२७,४५२.०० | |
| कर्णाली प्रदेश शसर्त अनुदान | ७,०००,०००.०० | ७,०००,०००.०० | | ७,०००,०००.०० | |
| कर्णाली प्रदेश विशेष अनुदान | ३,०००,०००.०० | ३,०००,०००.०० | | ३,०००,०००.०० | |
| कर्णाली प्रदेश समपुरक अनुदान | १०,०००,०००.०० | 14,000,000.00 | | १०,०००,०००.०० | |
| आन्तरिक आय | ९०,०००,०००.०० | २१,५००,०००.०० | ७,६६१,६७०.०० | ८२,३३८,३३०.०० | |
| ए.डि.पी. | ९००,०००.०० | ४३५,०००.०० | ४३५,०००.०० | ४६५,०००.०० | |
| युनिसेफ | १००,०००.०० | १००,०००.०० | १००,०००.०० | - | |
| एस.एस.डि.पी. आन्तरिक | ३,७००,०००.०० | १,२७५,०००.०० | १,२७५,०००.०० | २,४२५,०००.०० | |
| एस.एस.डि.पी. वैदेशिक | ६,६००,०००.०० | ४,०४२,३००.०० | ४,०४२,३००.०० | २,५५७,७००.०० | |

| श्रोत | वार्षिक बजेट रु | हालसम्मको आम्दानी रु | हालसम्मको खर्च रु | मौज्दात/ फ्रिज | कैफियत |
|---|---|---|---|---|---|
| कुल जम्मा | ४७२,८४८,०००.०० | २७५,५३८,२९२.०० | १७०,८६५,२२८.९० | ३०१,९८२,७७१.१० | |

## ७.२. वित्तीय प्रगति

| बजेट शिर्षक | बार्षिक बजेट रु. | हालसम्मको खर्च रु. | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| चालु | ३४५,२७६,०००.०० | १४०,२५९,१९०.०० | ४०.६२% | |
| पुँजिगत | १४०,०७२,०००.०० | ३०,६०८,०५०.०० | २१.८५% | |
| **कुल** | **४८५,३४८,०००।००** | **१७०,८६७,२४०।००** | ३५.२१% | |

## ७.३. भौतिक प्रगति प्रमुख उपलब्धिहरु

| प्रमुख क्रियाकलाप कार्यक्रम | बजेट रु. | इकाइ | लक्ष्य | प्रगति | औषत भौतिक प्रगति % |
|---|---|---|---|---|---|
| भवन निर्माण (शिक्षा) | २,६६,००,०००.०० | वटा | १४ | १० भवन निर्माण कार्य सम्पन्न | ७१% |
| भवन निर्माण (आधारभुत स्वास्थ्य सेवा केन्द्र) | १,४१,००,०००.०० | वटा | १० | सम्झौता भएको | ५% |
| टिस्यू कल्चर स्थापना (विशेष अनुदान कर्णाली प्रदेश) | ३०,००,०००.०० | वटा | १ | कुनै कार्य नभएको | ०% |
| खानेपानी तथा विद्यालय भवन निर्माण (समपुरक अनुदान कर्णाली प्रदेश) | १,४०,००,०००.०० | वटा | २ | टेन्डर आव्हान भएको | ५% |
| सडक तथा सिचाइ निर्माण (शसर्त अनुदान कर्णाली प्रदेश) | ७०,००,०००.०० | वटा | २ | कार्य सन्चालन भएको | २५% |
| कृषि (भकारो सुधार कार्यक्रम) | २,००,०००.०० | वटा | २४ | सम्झौता भइ कार्यान्वयनको अवस्था अन्तिम चरणमा | ९०% |

# ८. आगामी आ.व. का सोच, उद्देश्य तथा मुख्य योजनाहरु

## ८.१. सोच

**“आत्मनिर्भर, एकतावद्ध र समृद्ध नगरको निर्माण : चौरजहारी नगरवासीको पहिचान”** नगरपालिकाको दीर्घकालिन सोँच रहेको छ ।

## ८.२. उद्देश्य

(क) संघीय संरचना, समावेशी लोकतन्त्र र निक्षेपणको अवधारणा अनुरुप संघीय सरकार तथा प्रादेशिक सरकारसँगको अन्तरसम्बन्ध एवं राजनीतिक, प्रशासनिक, न्यायिक तथा वित्तीय अधिकार र उत्तरदायित्व सुनिश्चित गर्ने,

(ख) नगरपालिकाको संगठनात्मक सुदृढीकरण, क्षमता अभिवृद्धि एवं मानव संसाधन विकास गरी जनताका माग र आवश्यकतालाई न्यायोचित प्राथमिकताका आधारमा सम्बोधन गर्न सक्षम स्थानीय सरकारको विकास गर्ने,

(ग) वित्तीय स्वायत्तता र विनियोजन दक्षता अभिवृद्धिका लागि संघीय तथा प्रादेशिक सरकारले प्रदान गरेको एवं. आन्तरिक वित्तीय श्रोतलाई विकेन्द्रीकरणको क्षेत्रगत अवधारणा (Decentralisation SWAP) अनुरुप व्यवस्थित गर्दै खर्चको विनियोजन र व्यस्थापन कार्यमा वित्तीय अनुशासन, पारदर्शिता र प्रभावकारिता अभिवृद्धि गर्ने,

(घ) लैङ्गिक, समतामुखी र समावेशी विकासको अवधारणा अवलम्बन गर्दै उपेक्षित र उत्पीडित वर्ग, क्षेत्र र समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार र अवसर तथा सामाजिक सुरक्षामा न्यायोचित पहुँच सुनिश्चित गर्ने,

(ङ) भौगोलिक, सामाजिक एवं आर्थिकरुपमा पछाडि परेका विपन्न वर्ग, क्षेत्र, जात—जाति, लिंग र समुदायलाई समावेशीकरण र सामाजिक परिचालनका माध्यमबाट सशक्तिकरण गरी उपलव्ध स्रोत, साधन र निर्णय प्रक्रियामा उनीहरूको पहुँच अभिवृद्धि गर्ने,

(च) स्थानीय सुशासन र सेवा प्रवाहमा स्थानीय समुदाय, नागरिक समाज, गैर सरकारी तथा निजी क्षेत्रलाई जिम्मेवार बनाउने

चौरजहारी नगरपालिका

## ८.३. मुख्य योजनाहरु

(क) नगरपालिकाभित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा भौतिक संरचना सुधार परियोजना (पक्की संरचना निर्माण) सञ्चालन तथा शैक्षिक जनशक्ति व्यवस्थापन गर्ने ।

(ख) पोषण मैत्री नमुना टोल निर्माण परियोजना कार्यान्वयन गर्ने ।

(ग) नगरपालिकाभित्रका प्रत्येक वडाहरुमा एक घर एक धारा निर्माण परियोजना पूर्ण रुपले सफल पार्ने ।

(घ) उद्योग ग्राम उद्योग स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्ने ।

(ङ) पर्यटन गुरुयोजना निर्माण तथा पर्यटकीय पूर्वाधार निर्माण गर्ने ।

(च) सार्वजनिक-निजि-सहकारी साझेदारी मोडेलमा कृषिमा आधारित उद्योग स्थापना र सञ्चालन (जुस उद्योग, मसाला उद्योग, कापी उद्योग लगायत) गर्ने ।

(छ) नयाँ शहरी आयोजनासँगको साझेदारीमा ल्याण्ड फिल्ड साइटको निर्माण र सञ्चालन गर्ने ।

(ज) WASH Plan निर्माण, पूर्ण सरसफाई उन्मूख नगरपालिका घोषणा अभियान सञ्चालन गर्ने ।

(झ) लक्षित वर्ग केन्द्रित आयाआर्जन कार्यक्रम (दुना टपरी उद्योग, सुइटर बुनाइ तालिम, मुडा बुनाइ सीप विकास तालिम) सञ्चालन गर्ने ।

(ञ) नगरपालिका भित्र ट्र्याक ओपन भएका सडकहरुको स्तरोन्नती गर्ने ।

(ट) गाउँगाउँमा विद्युत पोल तथा तार विस्तार (नगरपालिका विद्युतीकरण कार्यक्रम) गर्ने ।

(ठ) खोलागाउँको नेटामा टेलिफोन टावर निर्माण गर्ने ।

चौरजहारी नगरपालिका

# ९. आर्थिक वर्ष २०७५/०७६ को आय र व्ययको सारांश

| क्र.सं. | आय | | क्र.सं. | व्यय | |
|---|---|---|---|---|---|
| १ | कुल बैंक मौज्दात अ.ल्या | ३,५००,०००।०० | १ | कुल बैंक मौज्दात अ.ल्या | ३,५००,०००।०० |
| २ | आन्तरिक राजश्वबाट प्राप्त हुने आय | १०,०००,०००।०० | २ | आन्तरिक राजश्वबाट प्राप्त हुने आय | १०,०००,०००।०० |
| ३ | वित्तिय समानिकरण बाट प्राप्त रकम नेपाल सरकार | ९९,६००,०००।०० | ३ | वित्तिय समानिकरण बाट प्राप्त रकम नेपाल सरकार | ९९,६००,०००।०० |
| ४ | वित्तिय समानिकरण बाट प्राप्त रकम प्रदेश सरकार | ५,२६७,०००।०० | ४ | वित्तिय समानिकरण बाट प्राप्त रकम प्रदेश सरकार | ५,२६७,०००।०० |
| ५ | संघिय सशर्त अनुदान | १२६,८००,०००।०० | ५ | संघिय सशर्त अनुदान | १२६,८००,०००।०० |
| ६ | प्रदेश सशर्त अनुदान | ( | ६ | प्रदेश सशर्त अनुदान | ( |
| ७ | राजस्व बांडफांड नेपाल सरकार | ६८,९३१,०००।०० | ७ | राजस्व बांडफांड नेपाल सरकार | ६८,९३१,०००।०० |
| ८ | राजस्व बांडफांड प्रदेश सरकार | ४११,०००।०० | ८ | राजस्व बांडफांड प्रदेश सरकार | ४११,०००।०० |
| ९ | बहुक्षेत्रीय पोषण कार्यक्रम | १,७००,०००।०० | ९ | बहुक्षेत्रीय पोषण कार्यक्रम | १,७००,०००।०० |
| १० | एल.जी.सि.डि.पि. कार्यक्रम | १,७५६,०००।०० | १० | एल.जी.सि.डि.पि. कार्यक्रम | १,७५६,०००।०० |
| ११ | सामाजिक सुरक्षा | ३४,२१५,०००।०० | ११ | सामाजिक सुरक्षा | ३४,२१५,०००।०० |
| १२ | अन्य संस्थालाई दिइने पुंजीगत अनुदान | ८,०००,०००।०० | १२ | अन्य संस्थालाई दिइने पुंजीगत अनुदान | ८,०००,०००।०० |
| १३ | टेलिकम ज्याला | २८५,१२०।०० | १३ | टेलिकम ज्याला | २८५,१२०।०० |
| १४ | पुल हेरालु | ५४,०००।०० | १४ | पुल हेरालु | ५४,०००।०० |
| **जम्मा** | | **३६०,५१९,१२०।००** | | | **३६०,५१९,१२०।००** |